# पञ्चदेवल विनायक नगरपालिका
# खानेपानी सरसफाइ तथा स्वच्छता ऐन, २०८१

**नगरसभाबाट पारित भएको मितिः २०८१ असार १० गते**
**स्थानीय राजपत्रमा प्रकाशन भएको मितिः २०८१ असार १३ गते**

**<u>प्रस्तावना:</u>** नगरपालिका क्षेत्र भित्र भूमिगत वा भू-सतहमा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गरी नगरपालिकावासी नागरिकलाई स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी उपभोग गराउन र सोको उपभोगबाट हुने वातावरणीय एवं अन्य प्रकारको हानी नोक्सानीलाई रोकथाम गरी जलस्रोतलाई प्रदुषण मुक्त राख्ने तथा नगरपालिका भित्र हुने फोहरजन्य वस्तुको उचित व्यवस्थापन गरि वातावरणिय स्वच्छता कायम राख्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम **पञ्चदेवल विनायक** नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यस ऐनको नाम "खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८१ रहेको छ ।

(२) यो ऐन पञ्चदेवल विनायक नगरपालिकाको राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमति-पत्र" भन्नाले दफा १६ बमोजिमको अनुमति-पत्र सम्झनु पर्छ ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्छ ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्छ ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गर्ने व्यक्ति, संस्था, प्रतिष्ठान वा निकाय सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि सामुदायिक रुपमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्छ।

(च) "कार्यपालिका" भन्नाले पञ्चदेवल विनायक नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

(छ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलब्ध गराउने कार्य समेतलाई जनाउँछ ।

(ज) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(झ) "नगरपालिका" भन्नाले पञ्चदेवल विनायक नगरपालिका सम्झनु पर्दछ ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पञ्चदेवल विनायक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ट) "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्दछ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्याँस, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामाग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नगरपालिकाले समय-समयमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी फोहोरमैला भनी तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

(ठ) "सरसफाइ सेवा" भन्नाले फोहोरपानी व्यवस्थापन, मानविय मलमूत्रीय फोहोर व्यवस्थापन तथा ढल निकास गरि वातावरणिय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली, घरेलु तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्य समेतलाई जनाउँछ

(ड) “समन्वय समिति” भन्नाले दफा ७ बमोजिमको नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सम्झनु पर्दछ र सो शब्दले वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति समेतलाई जनाउँछ ।

(ढ) “स्वच्छता” भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने, घर भित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँछ।

(ण) “सुरक्षित खानेपानी” भन्नाले सामान्यतया राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ ले तोकेको मापदण्ड पुरा गर्न सक्ने खानेपानी सम्झनु पर्दछ र सो शब्दले हालको अवस्थामा धमिलोपाना, मानव स्वास्थ्यसँग सम्बन्धित आर्सेनिक, तथा अन्य हानिकारक प्रदुषणको सघन् सिमा मापदण्ड भित्र रहेको र इकोलि नभएको वा वितरण प्रणालीको अन्तिम प्रयोग विन्दुमा क्लोरिनको अवशेष मापदण्ड भित्र रहेको खानेपानी समेतलाई जनाउँछ ।

(त) “सामाजिक व्यवहार परिवर्तन” भन्नाले पानीको उत्पादनशिल र बहु-उपयोग, जल सुरक्षा, प्रदुषण न्यूनीकरण, स्वच्छता तथा जलस्रोत व्यवस्थापनका साथै आयोजनाको दिगोपनाका लागि आवश्यक व्यक्तिगत, घरधुरी र समुदायले अवलम्बन गर्नुपर्ने सामान्य हितकर व्यवहार सम्झनु पर्दछ ।

(थ) “सेवा प्रणाली” भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आबद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(द) “संगठित संस्था” भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानुन बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, कम्पनि, सहकारी संस्था सम्झनु पर्दछ र सो शब्दले यस ऐन वा प्रचलित कानुन बमोजिम खानेपानी तथा

सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था, समिति, वा निकाय समेतलाई जनाउँछ ।

(ध) "हानिकारक फोहोरमैला" भन्नाले वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुर्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

## परिच्छेद -२

## खानेपानी, सरसफाइ तथा स्वच्छताको अधिकार र कर्तव्य

३. **स्वच्छ खानेपानी तथा सरसफाइको अधिकार** : (१) प्रत्येक नगरवासीलाई नियमित रुपमा स्वच्छ, गुणस्तरीय, प्रर्याप्त, सुलभ, सहज तथा भेदभाव रहित रुपमा खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन, परिपुर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी संघीय तथा प्रदेश सरकार र विभिन्न विकास साझेदारहरुसँगको समन्वय र सहकार्यमा नगरपालिकाको हुनेछ ।

४. **पानीको स्रोत सदुपयोग र विकासको अधिकार:** (१) संघीय ऐन तथा प्रचलित कानुनको अधिनमा रही पानीका स्रोतको सदुपयोग र विकास गर्ने अधिकार नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्दा कुनै व्यक्ति तथा समुदाय, विद्यालय, अस्पताल, मठ-मन्दिर, धार्मिक स्थल जस्ता सामाजिक संस्थाका लागि उपलब्ध भएको खानेपानी सेवा अर्को वैकल्पीक व्यवस्था नभएसम्म उक्त स्रोतको सदुपयोग गर्ने हक सम्बन्धित व्यक्ति, समुदाय र सामाजिक संस्थामा सुरक्षित रहनेछ ।

(३) पानीको स्रोतको सदुपयोग गर्न नगरपालिकाले जल-उपयोग गुरुयोजना बनाई कार्यान्वयन गर्नेछ ।

५. **पानीको स्रोत तथा मुहानको संरक्षण:** (१) नगरपालिकाले पानीका स्रोत तथा मुहानको संरक्षणका लागि देहायका कार्यहरु गर्नेछ ।

(क) जलाधार, नदी, ताल, तलाउ पोखरी, सिमसार जस्ता खानेपानीको स्रोत र खानेपानीको मूल वा मुहान, भूमिगत पानीलाई दिगो बनाई राख्न उपयुक्त उपाय अवलम्बन गर्ने र नियमित रुपमा मर्मत सम्भार र सरसफाइ गर्ने,

(ख) भूमिगत पानी लगायत खानेपानीको स्रोतलाई प्रदुषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(ग) खानेपानीको संरक्षण र दिगो उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरुलाई सचेतना अभिवृद्धि गर्ने,

(घ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल, बहाव क्षेत्र, बहाव प्रणालीमा वा भूमिगत पानीको स्रोतको संरक्षणका लागि जैविक खेती गर्न र चरिचरण नियन्त्रण गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने,

(ङ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन संकलन पोखरी बनाएर पानी जम्मा गर्ने र सो पोखरीको बेला-बेलामा जाँच गर्ने,

(च) जमीनमा खाल्टो खनी तल्लो भागमा मलिलो माटो, टाइल, कङक्रिट वा प्लाष्टिक ओछ्याएर जमीनमा आकाशे पानी एवं भेलको पानी संकलन गर्ने,

(छ) खानेपानीको मूहान, बहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्ने गरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने,

(ज) पानीको स्रोत र मुहानको प्रदुषण गर्न सक्ने ठोस वा लेदो फोहरमैला, माटो, ढुङ्गा, खरानी, मलमुत्र, रासायनिक फोहरमैला विसर्जन, निष्कासन कार्य वा क्रियापलाप नगर्ने,

(झ) सडक निर्माण लगायत भौतिक पुर्वाधार विकास निर्माणका कार्य गर्दा खानेपानी वा पानीको स्रोतमा कुनै किसिमको नकरात्मक असर नआउने गरी वातावरणमैत्री रुपमा गर्ने,

(ञ) मूलको नजिकैको क्षेत्र सुरक्षित पार्न चारैतिरबाट छेकबार लगाउन र चारैतिर ढल खनी भेलको पानी र फोहोर पानी तर्काउने,

(ट) पानीको मुहान जस्तैः कुवा, ईनार, मुल आदि पानीको स्रोत (नदी, खोला, ताल र पोखरी) र वर्षाको पानी संकलन भएको ठाउँमा नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नियमित निरीक्षण

गर्ने र प्रदूषण भएको देखिएमा प्रदूषणको कारणलाई निर्मूल पार्नेतर्फ कार्य गर्ने,

(ठ) खासगरी थोरै पानी उपलब्ध भएको अवस्था र पानी प्राप्त गर्न कठिन भएको अवस्थामा हरेक पानीका स्रोतहरू के-के का लागि उपभोग गर्ने भनेर निर्णय गर्ने र पानीको वितरण प्रणालीमा सुधार गर्ने,

(ड) खानेपानीको स्रोत र मुहान संरक्षण सम्बन्धी अन्य कार्यहरु गर्ने,

(ढ) खानेपानीको मुहान वरिपरी बृक्षारोपण गर्ने ।

(२) नगरपालिकाले कुनै क्षेत्रलाई मुहान संरक्षण तथा जलाधार क्षेत्र घोषणा गरी सो क्षेत्रको संरक्षण र विकास गर्न सक्नेछ ।

६. **नगरवासीको कर्तव्य :** पानीको मूल वा मुहान सफा राख्नु, संरक्षण र संवर्द्धन गर्नु तथा दिगोरुपले उपयोग गर्नु र यो ऐन तथा ऐन अन्तर्गत बनेका नियम, मापदण्ड, कार्यविधि तथा आदेशको पालना गर्नु नागरिकको कर्तव्य हुनेछ ।

## परिच्छेद-३
## संस्थागत संरचनाहरु

७. **नगर खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति** : (१) यस ऐनको कार्यान्वयनका लागि समन्वयात्मक भूमिका निर्वाह गर्न नगरपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछः-

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उप-प्रमुख - सदस्य

(ग) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) कार्यपालिकाको सामाजिक विकास समिति संयोजक - सदस्य

(ङ) सबै वडा अध्यक्षहरु - सदस्य

(च) कार्यपालिका महिला सदस्यहरुबाट तीन जना - सदस्य

(छ) कार्यापालिकामा दलित वा अल्पसंख्यक समुदाय प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य एक जना - सदस्य

(ज) नगरपालिका स्वास्थ्य शाखा प्रमुख – सदस्य

(झ) संयोजकले मनोनित गरेको खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ-संस्थाको प्रतिनिधि एक जना प्रतिनिधि - सदस्य

(ञ) संयोजकले मनोनित गरेको नगरपालिका भित्रका विद्यालयबाट एक जना महिला र एकजना पुरुष गरी २ जना शिक्षक - सदस्य

(ट) संयोजकले मनोनित गरेको महिला स्वास्थ्य स्वयंसेविका मध्ये एक जना – सदस्य

(ठ) नगरपालिका स्तरीय वाल क्लबको अध्यक्ष वा प्रतिनिधि एक जना – सदस्य

(ड) नगरस्तरीय अपाङ्गता समन्वय समितिका अध्यक्ष वा प्रतिनिधि एक जना – सदस्य

(ढ) संयोजकले मनोनित गरेको अल्पसंख्यक वा लैंगिक तथा यौनिक अल्पसंख्यकबाट एक जना – सदस्य

(ण) नगरपालिकाको खानेपानी तथा सरसफाइ हेर्ने शाखा/ईकाइ प्रमुख – सदस्य सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवालाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) नगर खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

८. **नगर खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम, कर्तव्य र अधिकार** : स्थानीय तह स्तरीय खानेपानी र सरसफाइ समन्वय समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा नगरपालिकालाई सुझाव दिने,

(ख) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन, अनुगमनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीता कायम गर्ने,

(ग) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समीक्षा गरि समयानुकुल संशोधन गर्नका लागि सुझाव पेश गर्ने,

(घ) नगरपालिकाका लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा तयार गर्ने,

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजनाको निर्माण, प्रभावकारी रुपमा कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(च) विभिन्न विकास साझेदारहरुसँग समन्वय गरी खानेपानी, सरसफाइ तथा स्वच्छता योजना गुरुयोजनाको कार्यान्वयमा योगदान तथा सहयोग गर्ने,

(छ) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

९. <u>**खानेपानी सरसफाइ तथा स्वच्छता शाखा वा इकाइः**</u> (१) यस ऐन तथा ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, मापदण्ड, निर्देशिका र योजनाको कार्यान्वयन गर्न नगरपालिकाले आफ्नो संगठन संरचनामा खानेपानी सरसफाइ तथा स्वच्छता इकाई वा शाखा तोकी जिम्मेवारी प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम शाखा वा इकाईको भूमिका र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

(क) वार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी र सरसफाइ स्वच्छता सम्बन्धी कार्यक्रमहरुको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, अनुगमन र समन्वय गर्ने ।

(ख) खानेपानी सरसफाइ स्वच्छता सम्बन्धी सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलव्ध गराउने,

(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु गठन, दर्ता तथा नवीकरण सम्बन्धी कार्य गर्ने,

(घ) खानेपानी सरसफाइ स्वच्छता क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(ङ) खानेपानी, सरसफाइ स्वच्छता समन्वय समितिको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित समितिको सचिवालयको कार्य गर्ने ।

(च) शाखा वा इकाईको अन्य जिम्मेवारी नगर कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

१०. **<u>वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति:</u>** नगरपालिकाले वडा स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी गतिविधिको कार्यान्वयन र समन्वय गर्न देहाय बमोजिमको वडा स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ ।

(क) वडा अध्यक्ष - संयोजक

(ख) सबै वडा सदस्य - सदस्य

(ग) वडा स्तरको स्वास्थ्य संस्था प्रमुख - सदस्य

(घ) महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट वडा अध्यक्षले मनोनित गरेको १ जना - सदस्य

(ङ) वडाको उच्चतम् विद्यालयको प्रधानाध्यापक - सदस्य

(च) वडामा कार्यरत खानेपानी उपभोक्ता समितिहरु मध्येबाट वडा अध्यक्षले मनोनित गरेको १ जना महिला सहित दुई जना – सदस्य

(छ) वडा अध्यक्षले मनोनित गरेका खानेपानी तथा सरसफाइ क्षेत्रमा योगदान गर्न सक्ने कम्तिमा १ जना महिला सहित ३ जना - सदस्य

(ज) वडा स्तरीय बाल क्लब प्रमुख १ जना - सदस्य

(झ) वडा सचिव - सदस्य

(ञ) सम्बन्धित वडाको प्राविधिक - सदस्य सचिव

११. **<u>खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन</u>** : सामुहिक लाभका लागि संस्थागत रूपमा खानेपानी तथा सरसफाइ सेवाको व्यवस्थापन गर्न चाहने व्यक्तिहरूले तोकिए बमोजिम खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

१२. **<u>उपभोक्ता संस्था सङ्गठित संस्था हुने</u>** : (१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजूर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

१३. **बोर्ड गठन गर्न सक्ने** (१) नगरपालिकाले नगरपालिका भित्रका सबै खानेपानी आयोजनाहरुलाई एकीकृत रुपमा व्यवस्थापन गर्न खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खानेपानी व्यवस्थापनको गठन तथा परिचालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-४
## दर्ता र अनुमति सम्बन्धी व्यवस्था

१४. **खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको दर्ता र नविकरण** : (१) दफा ११ बमोजिम गठन भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले नगरपालिकामा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम दर्ता गराउनु पर्नेछ ।

(२) यो ऐन लागु हुनुपूर्व प्रचलित कानुन बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता संस्था, समूह वा समिति मध्ये प्रचलित संघीय र प्रदेश कानुन बमोजिम नगरपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, समूह वा समितिहरुले यो ऐन लागु भए पश्चात नगरपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाण-पत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक गर्नुपर्नेछ । तर, यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नु पर्ने छैन ।

(३) यस दफा बमोजिम दर्ता तथा सुचीकरण भएका उपभोक्ता संस्थाले नगरपालिकामा तोकिएको ढाँचामा आर्थिक तथा प्रगति प्रतिवेदन सहित नविकरण गराउनु पर्नेछ ।

(४) उपभोक्ता संस्थाको गठन तथा परिचालन सम्बन्धी अन्य कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

१५. **खानेपानीको स्रोत दर्ता गर्नु पर्ने :** (१) प्राकृतिक रुपमा खानेपानी निसृत हुने क्षेत्र र पानीको स्रोत वा खानेपानीको स्रोत, मूल वा मुहानबाट संकलन गरि खानेपानी व्यवस्थापन

गर्न चाहने उपभोक्ता संस्थाले तोकिएको प्रक्रिया बमोजिम नगरपालिकामा खानेपानीको मूल वा मुहान दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुहान दर्ता सम्बन्धमा कुनै विवाद सृजना भएमा सो सम्बन्धी स्थानीय समुदायको परामर्श लिई सम्बन्धित वडा समितिले विवाद समाधानका लागि सहजीकरण गर्नेछ ।

(३) मुहानको स्वमित्व सम्बन्धी विवाद संघीय कानुन बमोजिम हुनेछ ।

१६. **अनुमतिपत्र लिनु पर्ने :** (१) नगरपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यवसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा नगर कार्यपालिकाबाट तोकिएबमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ आयोजनाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र उपभोक्ता संस्थाद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

१७. **अनुमतिपत्र खारेज गर्न सकिने** (१) नगरपालिकाले दफा १६ बमोजिम अनुमति प्राप्त संस्थाको सेवा सम्बन्धमा आवश्यक निर्देशन तथा आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन पालना नगरे वा तोकिएको कार्य सम्पादन मानकको मुल्यांकनका आधारमा व्यवस्थापकीय सेवा संचालन गर्न अनुपयुक्त देखिएमा कार्यपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

१८ **नगरपालिकालाई जानकारी दिने :** यस परिच्छेदको प्रयोजनका लागि संघीय तथा प्रदेश सरकारको कुनै निकायमा दर्ता तथा अनुमति प्राप्त संस्थाले सोको व्यहोरा जनाई तोकिए बमोजिम नगरपालिका समक्ष जानकारी दिनु पर्नेछ ।

## परिच्छेद-५
## खानेपानी सेवाको व्यवस्थापन

१९. **खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापनः** (१) नगरपालिकाले खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापन गर्दा आफै वा आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था मार्फत गर्नु गराउनु पर्नेछ ।

(२) नगरपालिकाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना कार्यान्वयन गर्दा आयोजना स्थलका महत्वपुर्ण सार्वजिनक स्थल र कार्यालय सहित सम्भव भए सम्म एक घर एक धारा प्रणाली अवलम्बन गरिनेछ ।

(३) उपदफा (१) बमोजिम खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापनका लागि उपभोक्ता संस्थालाई प्राथमिकता दिइनेछ ।

२०. **खानेपानी आयोजना र संरचनाको हस्तान्तरण :** (१) नगरपालिकाको क्षेत्राधिकार, दायित्व वा जिम्मेवारी भित्र कुनै पनि निकायले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना नगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(२) व्यवसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि नगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकामा हस्तान्तरण भएका आयोजनाहरु दफा १९ बमोजिम संचालन र व्यवस्थापन गरिनेछन् ।

२१. **नीजि तथा सार्वजनिक जग्गामा पाईप लाईन तथा संरचनाको निर्माण :** (१) संघीय ऐनको दफा २५ बमोजिम नीजि तथा सार्वजनिक जग्गामा पाईप लाईन तथा संरचनाको निर्माण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्तिमा विवाद भएमा सम्बन्धित वडा कार्यालयले आवश्यक सहजीकरण गर्नु पर्नेछ ।

(३) जग्गा प्राप्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२२. **खानेपानी तथा सरसफाइ महसुल निर्धारण :** (१) अनुमति प्राप्त संस्थाले उपलब्ध गराउने खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, नगरपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हक सम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) अनुमति प्राप्त संस्थाले यस दफा बमोजिम निर्धारण गरिएको महसुल नगरपालिकाबाट तोकिए बमोजिम स्वीकृत गराउनु पर्नेछ ।

२३. **मर्मत संभार कार्यकर्ताको व्यवस्था** : (१) हरेक अनुमति प्राप्त संस्थाले आयोजनाको नियमित मर्मत सम्भारका लागि कम्तीमा १ जना मर्मत सम्भार कार्यक्रताको व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका मर्मत सम्भार कार्यक्रर्ताको तोकिए बमोजिम क्षमता विकास गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका मर्मत सम्भार कार्यक्रताको आवश्यक क्षमता विकास गरी नगरपालिकाले तोकिएबमोजिम मर्मत सम्भार कार्यक्रर्ता सुचीकरण प्रमाणपत्र दिनेछ ।

## परिच्छेद-६
## गुणस्तर र मापदण्ड

२४. **गुणस्तर मापदण्ड तोक्न सक्ने** : (१) खानेपानी तथा सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन पालना गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

२५. **गुणस्तर कायम गर्नु पर्ने :** (१) उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले दफा २४ बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।

(२) अनुमति प्राप्त संस्थाले पानीको गुणस्तर कायम राख्न आवश्यकता अनुसार तोकिएका एक वा एक भन्दा बढि प्रविधिहरु अवलम्बन गरी प्रशोधन गर्नुपर्नेछ ।

(३) नगरपालिकाले दफा २४ बमोजिम गुणस्तर कायम भए नभएको जाँच गर्न आफै प्रयोगशाला स्थापना गरी वा अन्य तरिकाले गुणस्तर परिक्षणको व्यवस्था गर्नु पर्नेछ ।

(४) उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले तोकिए बमोजिम पानी सुरक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(५) नगरपालिका, उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले पानीको गुणस्तर कायम गर्न समुदाय तहमा पानी शुद्धिकरणका घरेलु विधि सम्बन्धी चेतनामुलक कार्यक्रम संचालन गर्नु पर्नेछ ।

## परिच्छेद-७
## फोहरमैला व्यवस्थापन

२६. **फोहोरमैला व्यवस्थापन गर्ने दायित्व** :(१) नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्ने गराउने दायित्व नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला वा औद्योगिक फोहोरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरि दिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरिदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले छुट्टै कार्यविधि बनाई कार्यान्वयन गर्नेछ ।

२७. **मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्व** : (१) यस ऐन बमोजिम मानव मलमूत्रीय व्यवस्थापन गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(२) कसैले पनि नगरपालिकाबाट अनुमति नलिइ पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्यांकीबाट दिसाजन्य लेदो खाली गर्ने, सङ्कलन गर्ने वा ढुवानी सम्बन्धी व्यवसायिक वा व्यापारिक रुपमा सेवा प्रदान गर्न पाइने छैन ।

(३) नगरपालिकाले पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्यांकीबाट दिसाजन्य लेदो खाली गर्न, सेप्टिक संकलन वा ढुवानी सम्बन्धी सेवा व्यवसायिक वा व्यापारिक रुपमा प्रदान गर्न निजी क्षेत्रको सेवा प्रदायकलाई अनुमति प्रदान गर्न सक्नेछ ।

(४) मानव मलमूत्रीय फोहोर व्यवस्थापन सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

२८. **<u>ढल निकास सेवा सञ्चालन</u>** : यस ऐन बमोजिम खानेपानी सेवा प्रदान गर्दा निस्किएको फोहोर पानीको व्यवस्थापनका लागि नगरपालिका र अनुमति-पत्र प्राप्त संस्थाले ढल निकासको व्यवस्थापन गर्नु पर्नेछ ।

२९. **<u>सरसफाइ कार्यकर्ता र सुरक्षा सम्बन्धी व्यवस्था</u>**: (१) नगरपालिकाले नगरक्षेत्रको फोहोरमैला व्यवस्थापनका लागि सरसफाइ कार्यकर्ता परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सरसफाइ कार्यकर्ता परिचालन गर्दा नगरपालिका वा सम्बन्धित व्यक्ति तथा संस्थाले न्यूनत्तम् स्वास्थ्य सुरक्षा सामाग्री उपलब्ध गराउनेछ ।

**<u>स्पष्टीकरण:</u>** यस दफाको प्रयोजनका लागि न्युनतम् सुरक्षा सामाग्री भन्नाले पञ्जा, मास्क, जुत्ता, एप्रोन आदिलाई जनाउनेछ ।

## परिच्छेद-८

## <u>सरसफाइ तथा स्वच्छता</u>

३०. **<u>शौचालय बनाउनु पर्ने</u>** : (१) नगरपालिका क्षेत्रका सबै घर परिवार, सार्वजनिक सेवा प्रदायक कार्यालय, विद्यालय, व्यवसाय संचालकले अनिवार्य शौचालय बनाउनु पर्नेछ ।

(२) मेला तथा हाट बजार लाग्ने स्थलमा सोको व्यवस्थापन गर्ने निकायले शौचालयको व्यवस्था गर्नु पर्नेछ ।

(३) नगरपालिकाले कार्यालय तथा विद्यालयको शौचालय र सार्वजनिक शौचालयको सञ्चालन तथा व्यवस्थापनको मापदण्ड र कार्यविधि बनाई लागु गर्नेछ ।

(४) यस दफा बमोजिम घरायसी शौचालय निर्माण गर्न नसक्ने बिपन्न परिवारका लागि नगरपालिकाले अनुदानको व्यवस्था गर्न सक्नेछ ।

(५) नगरपालिकाले शौचालयको पहुँच र गुणस्तर सुनिश्चित गर्न शौचालय सम्बन्धी मापदण्ड बनाई लागु गर्नेछ ।

३१. **<u>महिनाबारी स्वच्छता कायम गर्ने :</u>** (१) महिनावारी भएको अवस्थामा प्रत्येक घरपरिवारले सुरक्षित आवास र सरसफाइ तथा स्वच्छतामा पहुँचको सुनिश्चित गर्नु पर्नेछ ।

(२) हरेक संस्थागत शौचालयमा पुन प्रयोग गर्न नमिल्ने सेनिटरी प्याड विसर्जन गर्न अनिवार्य रुपमा फोहोरदानी सहितको महिलाका लागि छुट्टै शौचालयको व्यवस्थापन गर्नु पर्नेछ ।

(३) विद्यालय समयमा छात्रा तथा महिला शिक्षकको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था गर्नु पर्नेछ ।

३२. **<u>खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्ने</u>** : नगरपालिकाले समग्र नगरको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरी कार्यान्वयन गर्नेछ ।

## परिच्छेद-९
## <u>कोष सम्बन्धी</u>

३३. **<u>खानेपानी सरसफाइ तथा स्वच्छता कोष</u>** : (१) खानेपानी, सरसफाइ तथा स्वच्छताको व्यवस्थापनका लागि नगरपालिका स्तरमा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन:-

(क) नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाली नागरिक, व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तराष्ट्रिय संघ-संस्थाबाट प्राप्त रकम,

(घ) अनुमति प्राप्त संस्थाबाट तोकिएबमोजिम प्राप्त हुने रकम

(ङ) यस ऐनको उल्लघंनमा भएको दण्ड जरिवाना बापत प्राप्त रकम र

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(५) कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३४. **मर्मत संभार कोषको व्यवस्थापन :** (१) हरेक उपभोक्ता संस्थाले आयोजनाको दिगो व्यवस्थापनका लागि एक मर्मत संम्भार कोषको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था सम्बन्धित उपभोक्ता संस्थाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-१०
## कसूर तथा सजाय

३५. **कसूर र सजाय** : (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गत कसूर गरेको मानिनेछ ।

(क) यस ऐनले अनुमति लिनु पर्ने भनी निर्धारण गरेका कार्यविना अनुमति गर्ने,

(ख) खानेपानी सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धी कुनै संरचनामा क्षति पुर्याएमा,

(ग) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ ।

(क) उपदफा (१) (क) बमोजिमको कसूर गरेमा रु. ५,००० जरिवाना गरी अनुमति लिन आदेश गरिनेछ ।

(ख) उपदफा (१) (ख) र (ग) बमोजिमको कसूर गरेमा क्षति बराबरको क्षतिपुर्ति सहित रु ५००० देखि १०००० सम्म जरिवाना गरिनेछ ।

३६. **प्रचलित कानुन बमोजिम सजाय हुने**: संघीय खानेपानी तथा सरसफाइ ऐन, २०७९ को दफा ४२, फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ र प्रचलित संघीय कानुनले कसुरको रुपमा निर्धारण गरेका कसुर गरेमा सोहि कानुन बमोजिम सजाय हुनेछ ।

३७. **<u>क्षतिपुर्ति भराई दिन सक्ने</u>** : कसैले खानेपानी वा सरसफाइ आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि प्रकारले हानी नोक्सानी वा क्षति पुर्याएमा मुद्दा हेर्ने अधिकारीले उचित रकम क्षतिपुर्ति बापत भराई दिन सक्नेछ ।

३८. **<u>अनुसन्धान अधिकारी:</u>** यस ऐन अन्तर्गत कुनै कसूर भएको उजुरी प्राप्त भएमा नगरपालिकाले कुनै अधिकृत स्तरको कर्मचारीलाई अनुसन्धान अधिकारीको रुपमा तोकी अनुसन्धान गराउन सक्नेछ ।

३९. **<u>कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी</u>** : यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

४०. **<u>पुनरावेदन दिन सकिने</u>** : दफा ३५ गरेको जरिवानाको आदेश उपर चित्त नबुझ्ने व्यक्ति, वा संघ संस्थाले त्यस्तो आदेश भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद-११
## <u>विविध</u>

४१. **<u>खानेपानी तथा सरसफाइ सेवाको अनुगमन तथा नियमन</u> :** (१) नगरपालिकाले खानेपानी सरसफाइ तथा स्वच्छता सेवाको अनुगमन तथा नियमन गर्न अनुगमन टोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको टोलीले दिएको निर्देशन सम्बन्धित अनुमति प्राप्त संस्थाले पालना गर्नुपर्नेछ ।

४२. **<u>पारिस्थितिकीय सेवा बापतको भुक्तानी सम्बन्धी व्यवस्था गर्न सक्ने</u>** : (१) नगरपालिकाले पारिस्थितिकीय सेवाको व्यवस्थापन र उपयोग बापतको भुक्तानी सम्बन्धी नीति, आयोजना, परियोजना तथा स्कीमको तर्जुमा तथा कार्यान्वयन गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पारिस्थितिकीय सेवाको व्यवस्थापन वा बापतको भुक्तानी सम्बन्धी नीति, आयोजना, परियोजना तथा स्कीमको तर्जुमा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**<u>स्पष्टीकरण</u>** : यस दफाको प्रयोजनको लागि **"पारिस्थितिकीय सेवा"** भन्नाले कुनै वातावरणमा रहने समुदाय (बोट बिरुवा, जीवजन्तु, जलस्रोत, सुक्ष्मदर्शी जीवहरु) र वातावरण बीचको अन्तर्सम्बन्ध अर्थात एक अर्काबाट प्राप्त हुने सेवा वा लाभ प्रणालीलाई सम्झनु पर्दछ ।

४३. **भूमिगत पानीको उपयोग र संरक्षण गर्ने :** नगरपालिकाले नेपाल सरकारले बनाएको भूमिगत पानीको उपयोग र संरक्षण सम्बन्धी मापदण्डको अधिनमा रहि भूमिगत पानीको उपयोग र संरक्षण सम्बन्धी मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

४४. **पुरस्कार सम्बन्धी व्यवस्था** : खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

४५. **निर्देशन दिन सक्ने** : नगरपालिकाले उपभोक्ता संस्था, अनुमति-पत्र प्राप्त संस्था वा सेवा प्रदायक अन्य संघ-संस्थालाई खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४६. **अधिकार प्रत्यायोजन** : नगरपालिकाको प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उप-प्रमुख वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छन् ।

४७. **नियम बनाउन सक्ने** : नगरपालिकाले यस ऐनको उद्देश्य पूर्तिको लागि आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४८. **निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने** : यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकुल नहुने गरी नगर कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मार्गदर्शन बनाई लागू गर्न सक्नेछ ।

४९. **बचाउ** : यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै ऐन बमोजिम भएको मानिनेछ ।